# युनिक नेपाल लघुवित्त वित्तीय संस्था लि.

"नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था (१० जिल्ला कार्य क्षेत्र भएको)"

**केन्द्रीय कार्यालय**
**कोहलपुर नगरपालिका वडा नं. ११ बाँके**
लुम्बिनी प्रदेश, नेपाल, फोन नं. : ०८१-५४०२१३
ईमेल : unique.lbsl@gmail.com
वेब : www.uniquenepalmicrofinance.com.np

# Unaudited 1st Quarter Financial Result Of F.Y 2081/82

## CONDENSED STATEMENT OF FINANCIAL POSITION
as on 30th Ashoj, 2081

| Assest | This Quarter Ending | Immediate Previous Year Ending (Unaudited) |
|---|---|---|
| Cash and cash equivalents | 384,142,252 | 344,585,859 |
| Statutory Balance and due from Nepal Rastra Bank | 17,764,900 | 17,764,900 |
| Placement with Bank and Financial Institutions | 20,499,645 | 18,623,908 |
| Derivative Financial Instruments | - | - |
| Other Trading Assets | - | - |
| Loans and advances to MFISs & Cooperatives | - | - |
| Loans and advances to customers | 3,027,299,653 | 3,082,113,578 |
| Investment securities | - | - |
| Current tax assets | - | - |
| Investment property | - | - |
| Property and Equipment | 23,942,018 | 23,468,662 |
| Goodwill and Intangible assets | - | - |
| Deferred Tax Assets | 6,550,053 | 6,550,053 |
| Other assets | 143,304,851 | 140,632,493 |
| **Total Assets** | **3,623,503,372** | **3,633,739,453** |
| **Liabilities** | | |
| Due to Bank and Financial Institutions | 306,876,762 | 325,830,996 |
| Due to Nepal Rastra Bank | - | - |
| Derivative Financial Instrument | - | - |
| Deposits from customers | 2,492,170,522 | 2,483,221,915 |
| Borrowings | 30,000,000 | 30,000,000 |
| Current Tax Liabilities | 0 | 20,551,476 |
| Provisions | - | - |
| Deferred Tax Liabilities | - | - |
| Other liabilities | 285,087,851 | 277,327,011 |
| Debt securities issued | - | - |
| Subordinated Liabilities | - | - |
| **Total Liabilities** | **3,114,135,135** | **3,136,931,398** |
| **Equity** | | |
| Share Capital | 148,575,000 | 148,575,000 |
| Share Premium | - | - |
| Retained Earnings | 186,327,219 | 152,689,932 |
| Reserves | 174,466,018 | 195,543,123 |
| **Total Equity** | **509,368,237** | **496,808,055** |
| **Total Liablities and Equity** | **3,623,503,372** | **3,633,739,453** |

## CONDENSED STATEMENT OF PROFIT OR LOSS
For the quarter ended 30th Ashoj 2081

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) |
| Interest income | 124,312,965 | 124,312,965 | 158,090,055 | 158,090,055 |
| Interest expense | 62,678,706 | 62,678,706 | 74,609,984 | 74,609,984 |
| **Net interest income** | **61,634,259** | **61,634,259** | **83,480,070** | **83,480,070** |
| Fees and commission income | 6,975,463 | 6,975,463 | 9,582,532 | 9,582,532 |
| Fees and commission expense | 1,765 | 1,765 | - | - |
| **Net fee and commission income** | **6,973,697** | **6,973,697** | **9,582,532** | **9,582,532** |
| **Net interest, fee and commission income** | **68,607,957** | **68,607,957** | **93,062,602** | **93,062,602** |
| Net trading income | - | - | - | - |
| Other operating income | 3,691,949 | 3,691,949 | 5,846,631 | 5,846,631 |
| **Total operating income** | **72,299,906** | **72,299,906** | **98,909,233** | **98,909,233** |
| Impairment charge/(reversal) for loans and other losses | 28,887,346 | 28,887,346 | 20,658,273 | 20,658,273 |
| **Net operating income** | **43,412,560** | **43,412,560** | **78,250,960** | **78,250,960** |
| **Operating expense** | **33,095,234** | **33,095,234** | **33,589,085** | **33,589,085** |
| Personnel expenses | 25,420,046 | 25,420,046 | 26,701,297 | 26,701,297 |
| Other Operating expenses | 7,121,914 | 7,121,914 | 6,237,563 | 6,237,563 |
| Depreciation and Amortisation | 553,274 | 553,274 | 650,226 | 650,226 |
| **Operating Profit** | **10,317,327** | **10,317,327** | **44,661,874** | **44,661,874** |
| Non operating Income | 1,079,190 | 1,079,190 | 691,614 | 691,614 |
| Non operating expense | - | - | - | - |
| **Profit before income tax** | **11,396,516** | **11,396,516** | **45,353,488** | **45,353,488** |
| **Income tax expense** | **3,418,955** | **3,418,955** | **13,606,047** | **13,606,047** |
| Current tax | 3,418,955 | 3,418,955 | 13,606,047 | 13,606,047 |
| Deferred Tax | - | - | - | - |
| **Profit for the period** | **7,977,561** | **7,977,561** | **31,747,442** | **31,747,442** |

## CONDENSED STATEMENT OF COMPREHENSIVE INCOME

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto this Quarter | This Quarter | Upto this Quarter |
| **Profit for the period** | **7,977,561** | **7,977,561** | **31,747,442** | **31,747,442** |
| **Other Comprehensive Income** | - | - | - | - |
| **Total Comprehensive Income** | **7,977,561** | **7,977,561** | **31,747,442** | **31,747,442** |
| Basic Earning Per Share (Annualized) | 21.48 | 21.48 | 85.47 | 85.47 |
| Diluted Earning per Share | 21.48 | 21.48 | 85.47 | 85.47 |

## RATIOS AS PER NRB DIRECTIVE

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto this Quarter | This Quarter | Upto this Quarter |
| Capital Fund to RWA | 12.15% | 12.15% | 9.74% | 9.74% |
| Non Performing Loan (NPL) to total Loan | 15.79% | 15.79% | 10.82% | 10.82% |
| Total loan loss provision to Total NPL | 79.14% | 79.14% | 72.55% | 72.55% |
| Cost of funds | 8.61% | 8.61% | 131.43% | 131.43% |
| Credit to Deposits and Borrowing Ratio | 138.82% | 138.82% | 9.34% | 9.34% |
| Base rate | 13.26% | 13.26% | 11.69% | 11.69% |
| Interest Rate Spread | 6.38% | 6.38% | 5.73% | 5.73% |

## STATEMENT OF DISTRIBUTABLE PROFIT OR LOSS

| | |
|---|---|
| **Net Profit for the period end 30th Ashoj 2081** | **7,977,561** |
| **1.1 Profit required to be appropriated to:** | **1,755,064** |
| a. General Reserve | 1,595,512 |
| b. Capital redemption reserve | - |
| c. Exchange Fluctuation reserve | - |
| d. Corporate social responsibility fund | 79,776 |
| e. Employees training fund | - |
| f. Client protection fund | 79,776 |
| g. Other | - |
| **1.2 Profit required to be transferred to Regulatory Reserve:** | **19,456,783** |
| a. Transferred to Regulatory Reserve | 19,456,783 |
| b. Transferred from Regulatory Reserve | |
| **Statement of Distributable Profit or Loss** | **(13,234,285)** |
| **Opening Retained Earnings as of Shrawan 01 2081** | **152,689,932** |
| **Adjustment (+/-)** | |
| **Distribution: -** | |
| Bonus Share Issued - | |
| Cash Dividend Paid - | |
| **Total Distributable Profit or (loss) as on Qtr end date 2081 Ashoj** | **139,455,647** |
| **Annualized Distributable Profit/(loss) per Share** | **93.86** |

**Notes :**
1. Above financial statements are prepared in accordance with Nepal Financial Reporting Standards (NFRS).
2. Loan and advances are stated at net of impairment charge and included interest receivable on loan.
3. Above figures may vary upon otherwise direction made by Statutory auditor and Regulators.
4. Figures has been regrouped/rearranged/restated whereever necessary.
5. The interim financial statements has been uploaded in the website https://uniquenepalmicrofinance.com.np
6. Interest on deposit and Loan & Advance: Deposit: 7.5% to 13 % Loan & Advance: 14% to 15%

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची नं. १४
## (नियम २६ को उपनियम १ सँग सम्बन्धित)
## आ.व. २०८१/०८२ को पहिलो त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण :**

क) आ.व. २०८१/०८२ को पहिलो त्रैमास (२०८१।०४।०१ - २०८१।०६।३०) को वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यस लघुवित्त वित्तीय संस्थाको वेभसाईटमा राख्नुका साथै यसै साथ प्रकाशित गरिएको छ।

ख) **प्रमुख वित्तीय अनुपातहरु :**

| प्रति शेयर आम्दानी रु. | मूल्य आम्दानी अनुपात (P/E Ratio) | प्रति शेयर नेटवर्थ रु. | प्रति शेयर कुल सम्पत्तिको मूल्य रु. | तरलता अनुपात |
|---|---|---|---|---|
| २१.४८ | ११७.१० | ३३९.६८ | २,४३८.८४ | १३.७५ |

२. **व्यवस्थापकीय विश्लेषण :**

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सोको प्रमुख कारण सम्बन्धी विवरण :**
यस अवधिमा यस वित्तीय संस्थाले आवश्यक तरलता व्यवस्थापन गरेको छ। त्रैमास मसान्तसम्मको तरलता अनुपात १३.७५ प्रतिशत रहेको छ, जगेडा तथा अन्य कोषमा सामान्य बढेको छ। साथै यस आ.व. को पहिलो त्रैमाससम्ममा लघुवित्त वित्तीय संस्थाको खुद मुनाफा रु. ७९ लाख ७७ हजार रुपैयाँ मात्र रहेको छ।

ख) **आगामी अवधिको व्यावसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :**
यस लघुवित्त वित्तीय संस्था निरन्तर रुपमा गुणस्तरीय लघुकर्जा तथा बचत सेवा दिने कार्यमा केन्द्रीत रहेको छ, र आउने दिनमा यसलाई निरन्तरता दिनेछ। प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा साझेदार संस्थाहरुबाट अधिकतम ऋणीहरुसम्म वित्तीय सेवा पहुँच वृद्धि गर्नकालागि व्यवस्थापनले प्रभावकारी रुपमा काम गर्नेछ। गुणस्तरीय सेवाले नै यस संस्थाको छवी सुदृढ हुने कुरामा यस वित्तीय संस्था विश्वस्त रहेको छ। साथै यस वित्तीय संस्थाले सदस्यहरुको क्षमता र जनचेतना अभिवृद्धि एवं वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम आफ्ना सबै शाखा कार्यालयहरुमा सम्पन्न गर्दै आई रहेको छ। साथै यसलाई आगामी दिनमा समेत निरन्तरता दिइनेछ।

ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पर्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :**
पहिलो त्रैमास मसान्तसम्म आइपुग्दा व्यवसायको आकारको वृद्धि अनुसार सञ्चालन मुनाफा अघिल्लो त्रैमासको तुलनामा सन्तोषजनक अवस्था रहेको छैन । लघुवित्त वित्तीय संस्थाहरुका विरुद्ध केही गतिविधिहरु हाल पनि सक्रिय रहेकोले सबै लघुवित्तमा जस्तै यस वित्तीय संस्थाको कारोबारमा असर परेको हो । तथापि हाल वित्तीय सचेतनाका कार्यक्रमहरु मार्फत वित्तीय संस्थाले सदस्यहरुलाई सचेत गर्दै गइरहेको र आर्थिक कृयाकलापहरु क्रमशः सकृय हुँदै गएको कारण संस्थाले दिने सेवा तथा संस्थाको कारोबारमा वृद्धि हुँदै जाने अपेच्छा गरिएको छ। तसर्थ संस्थाको मौज्दात, नाफा नोक्सान वा नगद प्रवाहमा तात्विक असर पर्न सक्ने घटना भएको छैन। र यस प्रति ब्यवस्थापन सचेत र सतर्क रहेको छ।

३. **कानुनी कारबाही सम्बन्धी विवरण :**

क) **त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाका विरुद्ध कुनै मुद्दा दायर भएको भए :**
यस अवधिमा संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन।

ख) **संगठित संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए :**
संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको बारे कुनै जानकारी प्राप्त भएको छैन।

ग) **कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए :**
कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको बारे कुनै जानकारी प्राप्त भएको छैन।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

क) **धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा :**
यस लघुवित्त वित्तीय संस्थाको शेयर कारोबारका सम्वन्धमा व्यवस्थापनले नियमित रुपमा नेपाल स्टक एक्सचेन्जको कारोबार अवलोकन गरिरहेको छ। शेयरको मूल्यमा तात्वीक असर पार्ने कुनै पनि असामान्य घट्ना घटेको छैन।

ख) **त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबारको संख्या :**
पहिलो त्रैमास अवधिमा यस संस्थाको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबारको संख्या निम्न अनुसार रहेको छ।

| अधिकतम मूल्य रु. | न्यूनतम मूल्य रु. | अन्तिम मूल्य रु. | कारोवार भएको कूल दिन | कारोवारको संख्या | कारोवार भएको कुल शेयर संख्या |
|---|---|---|---|---|---|
| ३,०५० | २२५० | २५१५ | ५७ | ९,३५५ | ३९७,८६५ |

(**श्रोत** : नेपाल स्टक एक्सचेन्जको वेबसाईट www.nepalstock.com.np अनुसार)

५. **समस्या तथा चुनौती :**

**समस्या** : भाखा नाघेको कर्जा र एनपीएल बढ्दै जानु, यसको विपरित ऋण लगानी र ऋणी सदस्य घट्दै जानु ठूलो समस्या रहेको छ। यसका साथै केही ऋणी सदस्य सम्पर्क नआउनु समस्याको रुपमा देखिएका छन्। लघुवित्त विरुद्धको गतिविधिमा लागेकाहरुले अझ पनि पहिलेको लयमा कर्जाको किस्ता भुक्तानी गर्ने वातावरण सहज बन्न सकेको छैन।

**चुनौती** : यसबाट निस्क्रीय कर्जाको अनुपात बढ्न जाने, व्याज आम्दानी घट्ने र खुद मुनाफामा समेत असर पर्ने देखिन्छ।

**रणनीति** : कर्जाको गुणस्तर कायम गर्न विशेष ध्यान दिने। साथै मानव श्रोतको विकास तथा व्यवस्थापन गर्दै निम्न रणनीतिहरु अवलम्बन गरिने छ :

क. कर्मचारीहरुलाई भाखा नाघेको कर्जा असुली गर्ने र एनपीएल घटाउने तालिम दिने।
ख. सेवाग्राही सदस्यहरु मैत्री लघुवित्त सेवा बनाउन ग्राहकहरुको सुझाव लिने, केन्द्र प्रमुख तथा अभिभावक को वित्तीय साक्षरता र अन्तरक्रिया गर्ने, र उक्त कार्यक्रम गर्दा सुक्ष्म तरिकाले सदस्यहरुको मनोविज्ञान अध्ययन विश्लेषण गर्ने, र प्राप्त सुझाव अनुसार नयाँ नीतिगत ब्यवस्था गर्ने।
ग. सम्पर्कमा नरहेका सदस्यहरुको खोजी गरी असुलीको वातावरण बनाउन कर्मचारीहरुलाई क्षमता विकास तालिम दिने, र योजना बनाई कार्य गर्ने।
घ. सदस्यहरुमा जनचेतनामूलक एवं वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम थप प्रभावकारी बनाउन तालिम तथा लघुवित्त सेक्सनलाई जिम्मेवारी दिने। सदस्यहरुलाई आवश्यक पर्ने सन्देश र सूचना दिन विभिन्न माध्यमबाट वित्तीय साक्षरता सञ्चालन गर्ने।

६. **संस्थागत सुशासन :**

संस्थागत सुशासन सुदृढ गर्नका लागि सञ्चालक समिति, लेखापरीक्षण समिति, जोखिम ब्यवस्थापन समिति, सम्पत्ति शुद्धिकरण अनुगमन समिति र व्यवस्थापन सदैव प्रतिवद्ध रहेको छ। नेपाल राष्ट्र बैंकको निर्देशन तथा लघुवित्त संस्थाले बनाएका नीति नियमहरु अनुपालन गरिएका छन्। संस्थागत सुशासनलाई अझ बलियो बनाउनका लागि नीति नियम तथा निर्देशिकाहरु तयार गरी व्यवस्थापनको स्पष्ट अधिकार र दायित्वको व्याख्या गरिएको छ, जुन लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समितिद्वारा अनुगमन गर्ने गरिएको छ।

७. **सत्य तथ्यता सम्बन्धमा कार्यकारी निर्देशकको उद्घोषण :**

आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा मेरो उच्च ब्यवस्थापनले मलाई उपलब्ध गराए अनुसार म व्यक्तिगत रुपमा समेत उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन्। लगानीकर्ताहरु सुसूचित भई निर्णय लिन आवश्यक पर्ने कुनै विवरण वा सूचना तथा जानकारीहरु लुकाइएको छैन।